आज मिति २०७७ असार ५ गते शुक्रबारको दिन दिनको २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९० औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री काजी कुमार पोखरेल | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/३/४ गते नगर प्रमुखज्यूबाट मिति २०७७/३/५ गते नगर कार्यपालिकाको ९० औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | आगामी आ.ब.को लागी नीति तथा कार्यक्रम तयारी सम्बन्धमा । | | • स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा भएको व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आ.ब.को प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको विषयमा परिमार्जन गरी आगामी नगर सभामा पेश गर्ने । |
| २. | विज्ञापन कर सम्बन्धमा । | | • आ.ब.०७६/०७७ को लागी यस नगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलनका लागी अधिकतम रकम रु.८,९१,९९९।- (आठ लाख एकान्नब्बे हजार नौ सय उनान्सय रुपैयाँ) कबोल गर्ने पहिलो फर्म नेपाल मिडिया टेक्नोलोजी, कुपण्डोल, ललितपुर तथा दोश्रो अधिकतम रकम रु.६,९९,१९९।- (छ लाख उनान्सय हजार एक सय उनान्सय रुपैयाँ) कबोल गर्ने क्वीक सर्भिसेस, कुपण्डोल, ललितपुर नियमानुसार सम्झौता गर्न नआएकोले उक्त फर्महरुको धरौटी रकम जफत गरी तेश्रो रु.६,१९,४६९।०२ (छ लाख उन्नाईस हजार चार सय उनान्सत्तरी रुपैयाँ दुई पैसा) कबोल गर्ने फर्म आकृति एड्भरटाईजिङ, बिराटनगरसँग विज्ञापन कर संकलनका लागि सम्झौता गर्न स्वीकृती दिने । |
| ३. | ६०/४० कोषबाट आयोजना सञ्चालन सम्बन्धमा । | | • चालु आ.ब.०७६/०७७ मा नगर विकास योजना अन्तर्गत ६०/४० प्रतिशतको लागत सहभागितामा आयोजना सञ्चालन गर्ने गरी ६०/४० कोष स्थापना शिर्षकमा छुट्टाएको रकम रु. एक करोडमा ८९ औं कार्यपालिका बैठकको निर्णय नं.४ मा विनियोजित रकम मध्ये द.न.पा.६ को ढेवी ढलान बाटो निर्माण उपभोक्ता समितिको लागी रकम रु. २४,०४,०१०।- विनियोजन भएकोमा ल.ई. बमोजिमको ६० प्रतिशत रकम रु. २७,०१,९२३।- संशोधन सहित कायम गरी बाँकी रकमबाट देहायका थप आयोजनाहरु यसै आ.ब.मा नगरपालिका तथा नगद लागत सहभागिता समेतमा निम्न आयोजनामा देहाय अनुसार ल.ई.सहीत सम्झौता गराई कार्य गर्न सहमती दिने । |

तपसिल

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान | न.पा.ले बेहोर्ने | नगद लागत सहभागीता रकम |
|---|---|---|---|---|---|
| १ | फर्पिङ - युटिकी - सिम्पानी मोटर बाटो निर्माण | द.न.पा.७ | ५०,००,०००।- | ३०,००,०००।- | २०,००,०००।- |
| २ | फुल्चोक सामुदायिक | द.न.पा | १०,८८,०१८.८५ | ६,५२,८११.३१ | ४,३५,२०७.५४ |

प्रतिलिपि प्रमाणित

(दिपक कुमार के.सी.)
यो.अ.तथा प्र.अधिकृत

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भवन निर्माण</td><td>.६</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>पिपलबोट देखी बिष्ट टोल जाने मोटरबाटो ढलान</td><td>द.न.पा .४</td><td>७,५०,०००।-</td><td>४,५०,०००।-</td><td>३,००,०००।-</td></tr>
<tr><td>४</td><td>ककचो पाटी निर्माण</td><td>द.न.पा .६</td><td>६,००,०००।-</td><td>३,६०,०००।-</td><td>२,४०,०००।-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७४,३८,०१८।८५</td><td>४४,६२,८११।३१</td><td>२९,७५,२०७।५४</td></tr>
</table>
</td></tr>
<tr><td>४.</td><td>नगरपालिकाको प्रशासनीक कार्यालय सञ्चालन सम्बन्धमा ।<br><br>प्रतिलिपि प्रमाणित<br>(दिपक [illegible] के.सी.)<br>प्र.अ.तथा प्र.अधिकृत</td><td></td><td>• यस नगरपालिकाको प्रशासनीक कार्यालय सञ्चालन गर्नका लागी द.न.पा.५ स्थित त्रिभुवन आदर्श मा.वि.को केही पुराना भवनहरु जिर्ण, प्रयोगहिन अवस्थामा रहेकाले तिनै भवनहरु र आसपासको जग्गाहरु समेत नगरपालिकाले प्रयोग गर्दा उपयोगमा आउनुको साथै सरकारी सम्पत्तिको संरक्षण र सम्बर्धन समेत हुने अभिप्रायबाट विद्यालयको शैक्षिक वातावरणमा समेत कुनै बाधा अवरोध नपुग्ने हुदाँ विद्यालयबाट समेत सहमती प्राप्त भएकोले त्रिभुवन आदर्श मा.वि.र यस नगरपालिकाबिच भएको सहमती अनुसार हाल शिक्षक आवास गृह एवं खुल्ला क्षेत्र नगरपालिकाले प्रयोगमा ल्याउने, त्यहाँ नगरपालिका कार्यालय सञ्चालन गर्नको लागी मर्मत, पुर्नसंरचना निर्माण गर्ने कार्य प्राविधिकबाट ल.ई.गराई नगर प्रमुख स्तरबाट निर्णय गराई उक्त कार्य गर्ने ।<br>• विगत देखी यस नगरपालिकाले सञ्चालन गरेको मिनि गार्मेन्ट उद्योग र आँखा उपचार केन्द्र समेत सञ्चालन गरेको हुदाँ वार्षिक रु.१२,००,०००।- (बाह्र लाख) सहयोग स्वरुप उपलब्ध गराउने ।<br>• विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) रोकथाम तथा नियन्त्रणको लागी यस नगरपालिका क्षेत्रमा अन्य स्थानिय तह तथा स्थानहरुबाट आउने नगरबासीहरुलाई राख्रको लागी होल्डिङ सेन्टरको रुपमा त्रिभुवन आदर्श मा.वि.को भवन प्रयोग भई रहेको हुदाँ उक्त भवनहरुको प्राविधिकद्वारा ल.ई.गराई नगर प्रमुखबाट बजेट स्वीकृत गराई मर्मत कार्य गर्ने ।</td></tr>
<tr><td>५.</td><td>अस्थाई प्रहरी चौकी स्थापना सम्बन्धमा ।</td><td></td><td>• संघीय राजधानी काठमाडौं प्रवेश गर्ने एक प्रमुख नाकाको रुपमा रहेको यस दक्षिणकाली नगरपालिका वडा नं. ९ को हुमाने भञ्ज्याङ्ग नाका (काठमाडौं जिल्ला प्रवेश गर्ने दक्षिणी नाका) मा नगरपालिका तथा काठमाडौं जिल्लाको सुरक्षा व्यवस्था प्रभावकारी बनाउनको लागी चौबिसै घण्टा प्रहरीको चेकजाँच आवश्यक भएको भनि जनगुनासो समेत प्राप्त भएको र सो स्थानमा हालको लागी अस्थाई प्रहरी चौकी स्थापना गरी सञ्चालनमा ल्याउनु पर्ने आवश्यकता महसुस भएकोले माथी उल्लेखित स्थानमा अस्थाई प्रहरी चौकी स्थापनार्थ आवश्यक प्रक्रिया अघि बढाउनको लागी ईलाका प्रशासन कार्यालय, फर्पिङ मार्फत् जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई अनुरोध गर्ने ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ६. | विविध । | | • द.न.पा.३ भञ्याङ्ग स्थित नानीबाबु स्मृती सामुदायिक भवनमा नगरपालिकाबाट भाडामा लगाईएको सटर कबलहरुको बाँकी निर्माणाधिन कार्यहरु सम्पन्न गर्न गठन भएको नानीबाबु स्मृती मर्मत सम्भार समितिले निर्माण गरेको भनि पेश गरेका प्रमाण कागजातका आधारमा प्राविधिक प्रतिवेदनबाट समेतबाट रकम रु.५,००,०००।- (पाँच लाख) भुक्तानी दिने ।<br>• द.न.पा.७ स्थित युटिकी जाने बाटोमा बेस हाल्ने लगायतका निर्माण कार्य गर्नका लागी रकम रु.५,००,०००।- र वडा कार्यालयमा शौचालय निर्माण गरेकोले थप रकम रु.१,५०,०००।- माग गरेको हुदाँ वडाको माग सिफारिसको आधारमा भुक्तानी दिने । |